# कोशेलि घर संचालन कार्यविधी २०७८

*(स्थानिय सरकारका लागि तयार गरिएको नमुना)*

**तयार गर्ने**

**उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय**

**सिंहदरवार, काठमाण्डौ**

(मस्यौदा तयार गर्नै: चन्द्र बहादुर भुजेल, प्रदेश लघउद्यम विकास विज्ञ – वागमति प्रदेश)

(भाषा शुध्दि गर्न वाँकि।) 

# कोशेलि संचालन कार्यविधी २०७८

**प्रस्तावना:**

लघु उद्यमीहरुले उत्पादन गरेको उत्पादित वस्तुहरुको दिगो बजारिकरणले नै लघु उद्यमिहरुको स्थाईत्व निर्धारण गर्दछ। यसकालागि गरिने विभिन्न क्रियाकलापहरु गर्न मध्ये कोशेलि घरको स्थापना गरि लघु उद्यमिले उत्पादन गरेका उत्पादित बस्तुहरुको विक्रिवितरण गर्न सहज बनाउनु र उद्यमिहरु लाई चाहिने कच्चा पदार्य/उपकरणहरु स्थानिय बजारमा खरिद सहज बनाउने सक्ने वातावरण बनाउनु वान्छनीय भयकोले,

स्थानिय सरकार संचालन ऐन २०७४ परिच्छेद १५ दफा (१०२) को उपदफा (२) दियको अधिकार प्रयोग गरि यस ------- माहानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाँउपालिकाले यो कार्यविधि जारि गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१: संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "कोशेलि घर स्थापना तथा संचालन कार्यविधि २०७---" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिवाट प्रारम्भ हुनेछ ।

**२: परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधमा -**

(क) "कोशेलि घर" भन्नाले उद्यमिले संचालन गरेका उद्यम/उद्योगवाट उत्पादित बस्तु संकलन गरि विक्रिवितरण गर्ने कक्ष लाई संझनु पर्दछ। यसका साथै कोशेलि घर भन्नले सौगात गृह वा मार्केट आउटलेट (Market outlet) भन्ने समेत बुझ्नु पर्दछ।

(ख) "बजारिकरण" भन्नाले उद्योग वाट हुने उत्पादनको मुल्य निर्धारण, प्रवर्धन तथा वितरण प्रणालिसंग सम्बन्धित विभिन्न क्रियाकलापहरु भन्ने बुझ्नु पर्दछ।

(ग) "लघु उद्यमि" भन्नाले नाफा कमाउने उद्योश्यले प्रचलित कानुन बमोजिम दर्ता गरि उद्योग ब्यवसाय सञ्चालन गर्ने ब्याक्ति वा समुह संझनु पर्छ। यस कार्यविधिमा उद्यम वा उद्यमि मात्र उल्लेख भयको स्थानमा क्रमश लघु उद्यम र लघु उद्यमि भन्ने बुझ्नु पर्दछ।

(घ) "स्थानीय तह वा पालिका" भन्नाले ------- माहानगरपालिका /उपमहानगरपालिका /नगरपालिका / गाँउपालिका लाई सम्झनु पर्दछ

(ङ) "प्रस्तावना पत्र" भन्नाले कोशेलि घर स्थापना तथा संचालनका लागि तोकियको फर्मेटमा तयार गरि निवेदनका साथमा पेश गरिएको कागजातहरु लाई बुझ्नु पर्दछ ।

(च) "सम्भाव्यता अध्ययन" भन्नाले कोशेलि घर स्थापना तथा संचालनका लागि कति संभावना छ वा छैन भनि विभिन्न दृष्टिकोण वाट गरियको समग्र अध्यनलाई सम्झनु पर्दछ।

(झ) "कार्यविधि" भन्नाले सौगता गृह संचालन कार्यविधी २०७८ भन्ने बुझ्नु पर्छ।

## परिच्छेद २: कोशेलि संचालनको उद्येश्य र यसको संभाब्यता अध्यन

### ३: कोशेलि घर संचालनको उद्येश्यहरु:

कोशेलि संचालनको देहाय बमोजिमका उद्येश्यहरु हुने छन।

(क) स्थानिय तह र जिल्ला भित्र रहेका उद्यमिवाट उत्पादित वस्तु स्थानिय स्तर, राष्ट्रिय स्तर र अन्तराष्ट्रिय स्तरमा विक्रि वितरण गरि उद्यमिको आम्दानि संगै जीवनस्तरमा सुधार ल्याउने।

(ख) उद्यमिहरुलाई आवश्यकपर्ने कच्चा पदार्थ र प्रविधि/मेसिन उपकरणहरु स्थानियतहमा नै सहज र सुलभ रुपमा उपलब्ध हुने वातावरण वनाउने।

(ग) स्थानिय सीप, स्रोत र साधनलाई परिचालन गरि रोजगारि र आय आर्जनमा सहयोग पुर्याउने।

(घ) स्थानिय उत्पादन लाई ईच्छुक ग्राहकहरुका लागि सहज र सुलभ तरिकाले उपलब्ध गराउने।

### ४: कोशेलि संचालनका लागि संभाब्यता अध्यन:

पालिकाको कुन वडा मा वा कुन बजार केन्द्रमा कोशेलि घर स्थापना गर्न संभावना छ भनि अध्यन गर्ने काम पालिकाको उद्यम हेर्ने माहासाखा/साखा/ईकाइको हुनेछ। यसकालागि स्थान छनौट गर्दा ग्राहकको बढि आवत जावत हुने ठाँउ, उत्पादनको बढि उपभोग हुने र पालिका वा जिल्ला वाहिरका ग्राहकलाई पनि पापय पर्ने स्थान, यातायात, संचार, सुरक्षा लगायत भौतिक पुर्वाधार भयको स्थान, मालसामान ढुवानि गर्न सहज हुने स्थान र भण्डारण गरि उत्पादन राख्न सकिने स्थान आदि कुरालाई ध्यान दिई पालिकाको उद्यम विकास सहजकर्ता वा तोकियको कर्मचारि सम्बन्धित ठाँउमा गई उद्यमिहरु, वडाध्यक्ष/वडा सदस्यहरु र समाजका बुध्दिजिविहरु संग निम्न अनुसारका अर्ध संरचित प्रश्नहरुको माध्यमवाट आबश्यक सुचना संकलन गर्नु पर्छ।

(क) त्यस पालिका/वडा/भेक/ भुगोलमा बजारिकरण गर्नु पर्ने उत्पादनहरु के के छन, कति मात्रामा उत्पादन हुन्छ र यसको हालको बजारिकरणको अबस्था कस्तो छ? कुनै उत्पादन हरु पालिका वाहिर पनि विक्रि वितरण हुने गरेको छ या छैन?

(ख) कुन कुन उत्पादनहरु स्थानिय बजारमा विक्रि हुन सक्दछन, कुन कुन उत्पादनहरु जिल्ला वाहिर पनि बजारिकरण गर्न सकिन्छ र कुन कुन उत्पादनहरुको वाह्य देशमा बजारिकरण गर्न सकिने संभावना छ?

(ग) मुल्य अभिबृध्दि (Value add) गरि बजारिकरण गर्न संभावना भयका कुन कुन उत्पादनहरु छन?

(घ) पालिकाको आंशिक सहयोगमा कोशेलि घर संचालन गर्न ईच्छुक नाफामुलक कम्पनिहरु, सहकारिहरु र ईच्छुक उद्यमिहरु त्यस वडा/भेक/भुगोलमा के कति छन?

(ङ) स्थानिय लघुउद्यमिहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ र मेसिन उपकरणहरु कहाँवाट खरिद गर्ने गरिन्छ? के यस्ता सबै कच्चा पदार्थ र उपकरण एकै स्थानवाट किन्न सकिने पशल/घरको आवश्यकता छ ?

(च) कोशेलि घर संचालनका अबसर र चुनौतिहरु के के हरु के के छन?

(छ) कोशेलि घर स्थापना र संचालनका लागि आर्थिक सहयोग गरि सहकार्यमा काम गर्न चाहने संभाब्य निकायहरु *जस्तै वडा कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, प्रदेश सरकार अन्तरगतका विभिन्न मन्त्रालयहरु, मेड्पा कार्यक्रम, अन्तराष्ट्रिय संघ वा संस्थाहरु ईत्यादि* छन्?

(ज) हाम्रो लागि तपाँईहरुको अरु केहि सुझाप छ कि?

यसरि माथिका संभाब्य प्रश्नावलिको आधारमा संकलन गरियको सुचनालाई अनुसुचि १ मा दियको ढाँचामा संभाब्यता अध्यन प्रतिवेदन तयार गरिने छ। यस प्रतिवेदनमा कोशेलि घर स्थापनाकालागि संभावना छ भनि सिफारिस भयको अबस्थामा मात्र यसको स्थापना सम्बन्धि प्रकृया अगाडि बढाईने छ।

## परच्छेद ३: कोशेलि घर संचालन विधि, समिति गठन र सरोकार वालाहरुको भुमिका

### ५: कोशेलि घर संचालनको विधि:

कोशेलि घर संचालनका लागि पालिकाका प्रमुख/अध्यक्षको राय लिई कोशेलि घर स्थापना तथा संचालन समितिले गरेको निर्णय अनुसार निम्न दुई विधि मध्ये कुनै एक अबलम्बन गरि गरि संचालन गरिने छ।

(क) निजि स्तरको कम्पनि वा सहकारि संस्थासग सहकार्य/साझेदारि गरि संचालन गरिने विधि।

(ख) सम्बन्धित निकायमा दर्ता भयको उद्यमि सग सहकार्य/साझेदारि गरि संचालन गरिने विधि।

### (६) साझेदारिका लागि कम्पनि/सहकारि/ उद्यमि छनौट प्रकृया:

साझेदार खुला प्रतिश्पर्धा गराई पारदर्शि तरकाले छनौट गरिने छ। माथि उल्लेख गरे बमोजिम अनुसुचि १ अनुसारको अध्यन प्रतिवेदनमा कोशेलि घर स्थापना तथा संचालनका लागि संभावना छ भनि सिफारिस भयमा साझेदार छनौट प्रकृया अगाडि वढाईने छ। यसका लागि निम्न प्रकृयाहरु अपनाईने छ।

(क) अनुसचि २ अनुसारको सार्वजनिक सुचना जिल्ला स्तरको पत्रिकामा प्रकाशन गरि ईच्छुक कम्पनि वा सम्बन्धित निकायमा दर्ता भयका उद्यमि वाट प्रस्तावना आह्वान गरिने छ। यसको जानकारि पालिकाको वेयभसाईटमा राखिने छ र पालिकाको सुचाना पाटिमा पनि टाँस गरिने छ।

(ख) सुचना प्रकासन भय पछि योग्यता पुगेका ईच्छुक कम्पनि/सहकारि/उद्यमिले अनुसुचि ३ अनुसारको फर्मेटमा तयार गरियको प्रस्तावन पत्र सार्वजनिक सुचनामा तोकियको समय भित्र पेश गर्नु पर्ने छ।

(ग) प्राप्त प्रस्तावहरु लाई अनुसुचि ४ अनुसारको छनौट आधारहरुमा आधारित भई सुचनाको म्याद समाप्त भयको मितिले २ हप्ता भित्रमा मुल्याङ्कन गरिने छ।

(घ) मुल्याङ्कनको आधारमा दफा ७ अनुसार गठन भयको कोशेलि घर स्थापना तथा ब्यवस्थापन समितिले छनौट कार्य गर्नेछ। यसरि छनौट भयको कम्पनि/सहकारि/उद्यमि संग अनुसुचि ५ अनुसारको फर्मेटमा तयार गरि एक संझौता गरिने छ। कुनै एक वा दुई कम्पनि/सहकारि/उद्यमि हरुको मात्र प्रस्तावना प्राप्त हुन गएमा त्यस्तो प्रस्तावनाको मुल्याङ्कनगरि उपयुक्त लागेमा सम्झौता गर्ने वा पुन सुचना प्रकाशन गरि प्रस्तावना माग गर्ने भन्ने विषयमा कोशेलि घर स्थापना तथा संचालन समितिको निर्णय अनुसार हुने छ।

**७: कोशेलि घर स्थापना तथा ब्यवस्थापन समिति र प्रस्तवना पत्र छनौट समिति गठन प्रकृया:**

**(क):** पालिकाको उप प्रमुख/उपाध्यक्षको अध्यक्षतामा निम्न अनुसारको कोशेलि घर स्थापना तथा संचालन समिति गठन हुने छ।

अध्यक्ष: उप प्रमुख/ उपाध्यक्ष

सदस्य: प्रमुख प्रशासकिय अधिकृत

सदस्य: लेखा साखा प्रमुख वा निजले तोकेको उक्त साखाको कर्मचारि।

सदस्य: पालिकाको अध्यक्षले मनोनयन गरेको जिल्ला लघुउद्यमि समुह संघ (DMEGA) को अध्यक्ष वा पालिका स्तरको लघुउद्यमि संघ वा अन्य कुनै एक जना महिला उद्यमि।

सदस्य: कोशेलि घर स्थापना हुने वडाका वडाध्यक्ष।

सदस्य: उद्योग वाणिज्य संधका अध्यक्ष वा निजले तोकेको कुनै एक पालिका स्तरको सदस्य।

सदस्य सचिव: उद्योग हेर्ने माहासाखा/साखा/ईकाई प्रमुख वा निजले तोकेको मेड्पा फोकल पर्सन वा यस साखाको कर्मचारि।

सल्लाहकार: पालिका प्रमुख/अध्यक्ष।

(ख) पालिकाको प्रमुख प्रशासकिय अधिकृत को अध्यक्षता निम्न अनुसारको प्रस्तावना पत्र छनौट समिति गठन हुने छ।

अध्यक्ष: प्रमुख प्रशासकिय अधिकृत

सदस्य: लेखा साखा प्रमुख वा निजले खटायको सम्बन्धि साखाको कर्मचारि।

सदस्य: उद्योग हेर्ने माहासाखा/साखा/ईकाई प्रमुख वा निजले खटायको सम्बन्धित साखाको कर्मचारि।

**८: कोशेलि घर स्थापना तथा ब्यवस्थापन सम्बन्धि विभिन्न सरोकारवालाहरुको भुमिका:**

(१) मेड्पा कार्यक्रमका लागि पालिकामा गठान भएको उद्यम विकास समितिको को भुमिका:

- उद्यम हेर्ने माहासाखा/साखा/ईकाई लाई आगामि आ.व का लागि चालु आ.व मा नै कोशेलि घर स्थापनाकालागि संभाब्यता अध्यन गर्न निर्देशन दिने र आवश्यक बजेटको ब्यवस्था गर्ने।
- कोशेलि घर स्थापनाका लागि संधिय मन्त्रालय, प्रदेश मन्त्रालय, र विभन्न अन्तराष्ट्रि संध सस्था सग बजेटको लागि समन्वय गर्ने।
- कोशेलि घर स्थापना तथा संचालन समितिलाई आवश्यक सल्लाह सुझाप दिने।
- कुनै विषययमा द्वन्द सृजना भयमा कोशेलि घर स्थापना तथा संचालन समितिलाई द्वन्द समाधानमा सहयोग गर्ने।
- कोशेलि घरको अनुगमन गर्ने।

(२) प्रमुख प्रशासकिय अधिकृतको को भुमिका:

- कोशेलि घर स्थापना तथा संचालनका लागि प्राप्त प्रस्तावना स्विकृत वा अस्विकृत गर्ने।
- पालिकाको माहासाखा/ साखाका कर्मचारिलाई आबश्यकता अनुसार निर्देशन दिने

मस्यौदा

- कोशेलि घर अनुगमन गर्ने।
- कोशेलि घर संचालक क्म्पनि/सहकारि/उद्यमि संग संझौता गर्ने।

(३) उद्यम हेर्ने माहासाखा/साखा/ईकाई प्रमुखको भुमिका:

- कोशेलि घर स्थापनाका तथा संचालनका लागि संभाब्यता अध्यन गर्न कर्मचारि परिचालन गर्ने।
- कोशेलि घर स्थापना तथा संचालनका लागि प्रस्तावित वडाका वडाध्यक्ष संग आवश्यक समन्वय गर्ने।
- यस कार्यविधिले तोके अनुसारको प्रकृया पुर्याई कोशेलि घर स्थापना तथा संचालनका लगि उपयुक्त कम्पनि/सहकारि/उद्यमि छनौट सम्बन्धि कामकोलागि कोशेलि घर स्थापना तथा संचालन समितिको सदस्य सचिवको भुमिका निर्वाह गर्ने।
- साझेदारिका लागि छनौट भयका कम्पनि/सहकारि/उद्यमिलाई समयमै सहयोग उपलब्ध गराईने।

(४) कोशेलि घर स्थापना तथा संचालन समितिको भुमिका:

- कोशेलि घर स्थापना गर्ने क्रममा विभिन्न क्रियाकलापहरु सम्पन्न गर्न सम्बन्धित पालिकाको उद्योग हेर्ने माहासाखा/साखा/ईकाइका कर्मचारिहरु लाई आबश्यक सहयोग गर्ने।
- पालिकाको उद्योग हेर्ने माहासाखा/साखा/ईकाईको सहयोगमा साझेदारिका लागि उपयुक्त कम्पनि/सहकारि/उद्यमि छनौट गर्ने।
- स्थापना भई संचालनमा आयका कोशेलि घर को स्तर उन्नतिका लागि बजेटको ब्यवस्था गर्न पहल गर्ने।
- कोशेलि घर संचालन गरिरहेका साझेदार कम्पनि/सहकारि/उद्यमिले वीचमा छाडेमा त्यसको पुन संचालनका लागि आवश्यक भुमिका निर्वाह गर्ने।
- पालिकाको उद्योग हेर्ने माहासाखा/साखा/ईकाईको सहयोगमा कोशेलि घर स्थापनाकालागि संभाब्य स्थानहरुको पहिचान गर्ने गराउने।

(५) जिल्ला लघुउद्यमि समुह संधको भुमिका

- सम्बन्धित पालिका वा जिल्लामा के कस्ता उत्पादन हुन्छन त्यसको जानकारि कोशेलि घर संचालकलाई दिने।
- उद्यमिहरु र कोशेलि घर संचालक वीच समन्वय गराउन सहयोग गर्ने।
- कोशेलि घर संचालक र उद्यमि वीच कुनै विषयमा मनमुटाव हुँदा समाधानका लागि पहल गर्ने।
- कोशेलि घर स्थापना तथा संचालन समितिलाई आवश्यक अन्य सहयोग गर्ने।

## परिच्छेद ४: कोशेलि घरमा विक्रि गरिने उत्पादन र बजारिकरण रणनीति

**८: कोशेलि घरमा विक्रि गरिने संभाब्य उत्पादन हरुको विवरण:**

(१): कृषि उपजहरु जस्तै विउ विजन, दलहन, तेलहन, कोदो, मकै, फापर, गहू,

(२): घिउ, छुर्पि, मह. फलफुल जुस, जाम, छाला वाट हस्त निर्मित बस्तुहरु, पाखि, काम्लो ईत्यादि।

पहिलो मस्यौदा

(३): प्राकृतिक रेसामा आधारित बस्तुहरु जस्तै नेपालि कागज र सोमा आधारित अन्य उत्पादन, अल्लो, जुट, वावियो, चोया आदिवाट तयार गरियका स्थानिय उत्पादनहरु।

(४): तामा, पित्तल, ढलौट, कास जस्ता धातुवाट तयार गरियका उपहार योग्ग उत्पादनहरु।

(५): स्थानिय स्तरमा तयारि भयका खुकुरि, चुलेसि लगायतका अन्य फलामका कृषि औजारहरु र उपहारजन्य बस्तुहरु।

(६): काठ, वाँस, चट्टान आदिवाट तयार गरियका कलात्मक बस्तु।

(७): हातले तयार गरियका ढाका कपडाहरु र अन्य पोशाकहरु।

(८): स्थानिय क्षेत्रमा लघुउद्यमिहरुले तयार गरेका छिटो नविग्रने र बजारिकरण गर्न सहज हुने विविध उत्पादनहरु।

(९): लघुउद्यमिहरुलाई आवश्यक पर्ने विभिन्न कच्चापदार्थ र मेशिन औजारहरु।

(१०): पालिकामा, जिल्लामा र जिल्ला भन्दा वाहिर उत्पादन भयका हस्तकलाका सामाग्रिहरु।

(११): स्थानिय सिप र कच्चा पदार्थवाट उत्पादित अन्य विविध सामाग्रि/उत्पादनहरु।

**(९): बजारिकरण रणनीति:**

स्थानिय उत्पादनहरुको बजार विस्तारका लागि यस पालिकाले विभिन्न रणनीतिहरु अबलम्बन गर्ने छ, जुन रणनीतिहरु कोशेलि घर संचालकले पनि अपनाउनु पर्ने छ।

(१): गुणस्तरिय उत्पादनमा जोडदिने रणनीति।

(२): सुफत मुल्यमा धेरै सामाग्रि विक्रि गर्ने रणनीति।

(३): नगद कारोवारको माध्यमवाट उद्यमिलाई प्रोत्साहन गर्ने रणनीति।

(४): मुल्य अभिबृध्दि (value add) का लागि बस्तुको ग्रडिङ्ग, प्याकेजिङ्ग, लेबलिङ्ग आदिमा जोड दिने रणनीति ।

(५): मेला प्रदर्शनि आयोजना र त्यसमा लघुउद्यमिको सहभागितामा जोड दिने रणनीति।

(६): उद्यमशिलता र बजारिकरण सम्बन्धि तालिम तथा परामर्स सेवा दिने रणनीति।

(७): उद्यमिको स्तरउन्नतिका लागि प्रतेक वर्प पालिकाले बजेटको ब्यवस्था गर्ने रणनीति।

(८): सम्बन्धित सरकारि, गैरसरकारि र निनि क्षेत्र संग समन्वय र सहकार्यमा जोड दिने रणनीति।

(९): प्रचार प्रशारका लागि कोशेलि घरको लोगो छपाई र विक्रि गरिने सामाग्रिमा यसको अनिवार्य प्रयोग गर्ने रणनीति।

(१०): कोशेलि घर र ताहाँ उपलब्धहुने उत्पादनवारे रेडियो, टि भि, पत्रपत्रिका र सामजिक संचाल मार्फत विज्ञापन गर्ने रणनीति।

(११): कोशेलि घर संचालनका लागि अनुभवि र प्रयाप्त संख्यामा कर्मचारि परिचालन।

(१२): उद्यमिहरु संग अन्तरक्रिया।

(१३): उद्यमिलाई उत्पादन बृध्दि र बजारिकरणका लागि बैक वा कुनै वित्तिय सस्था सग वित्तिय पहुँच बढाउन सहजिकरण।

(१३): नमुना उत्पादन छनौट गरि वाह्य वजारिकरणका नमुना लियर जाने र अर्डर लिने रणनीति।

## परिच्छेद ५: विविध

(१) यस पालिकाले कोशेलि घर स्थापना वा सन्चालन गर्दा नाफामुलक कम्पनि/सहकारि/उद्यमि संग साझेदारि गर्ने छ।

(२) साझेदारि गर्ने क्रममा यस पालिकावाट कोशेलि घर संचालकलाई आवश्यक पर्ने भौतिक सामाग्रि हरु जस्तै फर्निचरहरु, साईनवोर्ड, टेलिफोन लाईन जडान, स्थानिय बजारिकरण लाई आवश्यक पर्ने यातायातको साधन, विज्ञापन खर्च, ईन्टरनेटको ब्यवस्था, कम्पुटरको ब्यवस्था, सफ्टवयरको निर्माण, क्षमता विकास तालिम, कोशेलि घर सजावट ईत्यादि सहयोग उपलब्ध गराउनईने छ। भौतिक सामाग्रिहरु १ बर्प सम्म यसै माहानगरपालिका/उपमहानगपालिका/ नगरपालिका/गाँउपालिकाको सम्पतिको रुपमा रहने छ। यदि कोशेलि घर राम्रो संग संचालन भयको अबस्थामा १ वर्ष पछि उक्त भौतिक सामाग्रिहरु सम्बन्धित साझेदार कम्पनि/सहकारि/उद्यमि लाई निशुल्क हस्तान्तरण गरिने छ।

पालिकामा भयको बजेटको अबस्थामा ध्यान दिदै कोशेलि घर स्थापना तथा संचालन समितिको निर्णय अनुसार उक्त कोशेलि घरमा काम गर्ने बढिमा दुई जना कर्मचारिको पहिलो ६ महिनासम्म हुन आउने तलबको ५० प्रतिशत रकम अनुदानस्वरुप सहयोग गर्न सकिने छ।

(३) आवश्यक पर्ने चालुपुजि कम्पनि/सहकारि/उद्यमि आफैले ब्यवस्था गर्नु पर्ने छ।

(४) कोशेलि घर का लागि उद्यमिहरु संग कोशेलि घर संचालक गर्ने कम्पनि/सहकारि/उद्यमि प्रतेक उद्यमि संग रु ५०,०००/- (अक्षरुपि पचास हजार) सम्मको समान खरिद गर्दा अनिवार्य नगद कारोवार गरेको हुनु पर्ने छ। यदि रु ५०,०००/- भन्दा बढिको सामान खरिद भयको अबस्थामा रु ५०,०००/- भन्दा बढि भयको रकम वाँकि १ महिना भित्र भुक्तानि गर्नु पर्ने छ। उक्त रकम १ महिना भित्रपनि भुक्तानि नभयमा कोशेलि घर संचालकले उद्यमिहरु लाई चलन चल्लिको ब्याज भुक्तानि गर्नु पर्ने छ।

(५) कोशेलि घरमा नियमित आउने उत्पादनहरुको स्तर सुदृढिकरण गर्न यस पालिकाले बजेटको ब्यवस्था गरि उद्योग हेर्ने माहासाखा/साखा/ईकाई वाट कार्यान्वयन गर्न सकिने छ।

(६) कोशेलि घर संचालक र त्यसमा काम गर्ने कर्मचारिको लागि आबश्यकताको आधारमा उद्यमशिलता र बजारिकरण सम्बन्धि तालिम हरुको ब्यवस्था गर्न सकिने छ।

(७): यस पालिकाको श्रोत वाट कोशेलि घर स्थापना गर्दा यो कार्यविधि लागु हुने छ। तर अन्य कुनै निकाय जस्तै प्रदेश सरकार/मन्त्रालय, संधिय सरकार/मन्त्रालय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारि संस्थाहरु संग साझेदारि गरि कोशेलि घर स्थापना गर्नु पर्दा यो कार्यविधि वाधक हुने छैन।

(८): यस कार्यविधिमा उल्लेख भयको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा पालिकाको नियमानुसार हुनेछ।

अनुसुचि १--: संभाब्यता अध्यन प्रतिवेदन तयार गर्ने नमुना फारम

(दफा ४ संग सम्बन्धित)

| कोशेलि घर स्थापना तथा संचालनको संभाब्यता अध्यन प्रतिवेदन<br>-------माहानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाँउपालिका<br>--------- जिल्ला |
|---|
| १: कार्यकारि सारांस : |
| २: संभाव्यता अध्यन विधि: |
| ३: समस्या कथन: |
| ४: बजारिकरणका लागि स्थानिय उत्पादित बस्तुहरुको प्रकार र अनुमानित परिमाण: |
| ४: स्थानिय उत्पादित बस्तुहरुको हालको स्थानिय र वाह्य बजारिकरण अबस्था : |
| ५: कोशेलि घर को माध्यमवाट बजारिकरणको थप अवसर: |
| ६: कोशेलि घर स्थापना गर्दा/गरि सकेपाछि आईपर्न सक्ने अबसर र संभाब्य चुनौतिहरु: |
| ७: उत्पादनको गुणस्तर बृध्दि ( Value add) गरि बजारिकरण गर्न सकिने उत्पादन हरु: |
| ८: छिमेकी पालिका/ जिल्ला वाट ल्यायर विक्रिगर्न सकिने उत्पादनहरु को विवरण: |
| ९: स्थानिय उद्यमिहरुलाई विक्रि गर्न सकिने प्रविधि र कच्चा पदार्थ को विवरण: |

पहिलो मस्यौदा

| |
|---|
| |
| १०: कोशेलि घरको ब्यावसायिक योजना वाट देखियको मुनाफाको प्रतिशत *(उद्यम विकास सहजकर्ताले तयार गर्ने)* : |
| ११: कोशेलि घर स्थापनाको लागि संभाब्य स्थान र विक्रि कक्ष को ब्यवस्थापन सम्बन्धि सुझाप: |
| १२: संभाब्यता अध्यनको समग्र निश्कर्ष तथा सुझापहरु: |
| अनुसुचिहरु:<br>१:<br>२:<br>३: |
| **प्रतिवेदन तयार गर्नेको नाम:**<br>**पद:**<br>**दस्तखत:**<br>**मितिः** |

पहिलो मस्यौदा

**अनुसुचि २-: सार्वजनिक सूचनाको नमुना**
**(दफा ६ संग सम्बन्धित)**

**प्रथम पटक प्रकाशित मिति: २०७८/ /**

**सूचना सूचना सूचना**

यस पालिका भित्र रहेका उद्यमिवाट उत्पादित वस्तु स्थानिय स्तर, राष्ट्रिय स्तर र अन्तराष्ट्रिय स्तरमा विक्रि वितरण गरि उद्यमिको जीवनस्तरमा सुधार ल्याउनुको साथै उद्यमिहरुलाई आवश्यकपर्ने कच्चा पदार्थ र प्रविधि/मेसिन उपकरणहरु स्थानियतहमा नै सहज र सुलभ रुपमा उपलब्ध गराउने उद्येश्यले यसै आ.व मा यस पालिकको वडा नं ------ को ----- मा कोशेलि घर स्थापना गरि संचालन गर्ने कार्यक्रम भयकाले यस पालिकाको साझेदारिमा कोशेलि घर संचालन गर्न ईच्छुक कम्पनि, सहकारि संस्था, र उद्यमिले यो सुचना प्रकाशित भयको मितिले ३० दिन भित्र आईपुग्ने गरि तपसिल बमोजिमका कागजात सहित निवेदनका साथ प्रस्तावना दर्ता गर्नु हुन आब्हान गरिन्छ।

| क स | कार्यक्रमको नाम | कार्यक्रम संचालनको आर्थिक तथा ब्यवस्थापकिय पक्ष |
|---|---|---|
| १ | कोशेलि घर स्थापना तथा संचालन | • कोशेलि घर स्थापनाका लागि आवश्यक भौतिक सामाग्रि को सम्पुर्ण खर्च पालिकाले ब्यवस्था गर्ने छ।<br>• उद्यमिहरुका स्थानिय उत्पादनको गुणस्तर वृध्दि गर्न, आवश्यक थप प्रविधि सहयोग गर्न, उत्पादनको बजारिकरण गर्न आवश्यक क्षमताबृध्दि गर्ने काममा पालिकाले सहयोग गर्ने छ।<br>• कोशेलि घर संचालक र त्यसमा काम गर्ने कर्मचारिको लागि उद्यमशिलता र बजारिकरण सम्बन्धि तालिम पालिकाले निशुल्क उपलब्ध गराईने छ।<br>• निश्चित समय सम्मकालागि कोशेलि घरको विज्ञापनको लागि आवश्यक सम्पुर्ण खर्च पालिकाले ब्यवस्था गर्ने छ।<br>• ब्यवसाय संचालनको लागि आबश्यक चालुपुजि कम्मनि/सहकारि/उद्यमिले आफैले ब्यवस्था गर्नु पर्ने छ।<br>• कोशेलि घरमा यस पालिका र जिल्लाका अन्य पालिकाका हरुका उत्पादनहरु र उद्यमिलाई चाहिने कच्चा पदार्थका साथै प्रविधिहरु मात्र विक्रि वितरण गर्नु पर्ने छ। |

| | | |
|---|---|---|
| | | • थप ब्यवस्थाका लागि कोशेलि घर स्थापना तथा संचालन कार्यविधि बमोजिम स्थापना भयको <u>कोशेलि घर स्थापना तथा संचालन समितिको</u> निर्णय अनुसार हुने छ। |

तपसिल:

१: निवेदन।

२: अनुसुचि ३ को नमुना अनुसार प्रस्ताव पत्र।

३: उद्यमिको हकमा नेपालि नागरिकताको प्रमाणपत्र, सहकारिको हकमा विनियम / दर्ता प्रमाण पत्र र कम्पनिकोहकमा कम्पनिको आफ्नो स्विकृत विनियम।

४: उद्यमि, कम्पनि वा सहकारिको आफ्नै घर जग्गामा कोशेलि घर स्थापना गरिने भयमा जग्गाको लालपुर्जा र भाडामा संचालन गर्ने भय घर घनि संग गरेको सम्झौता वा घर धनिले कम्तिमा १० वर्षका लागि घर भाडामा दिन तयार छु भनि गरेको प्रतिबध्दता पत्र।

(-------------------------------------)
प्रमुख प्रशासकिय अधिकृत

**अनुसुचि ३ प्रस्तावना पत्रको ढाँचा**
**(दफा ६ संग सम्बन्धित)**

## कोशेलि घर स्थापना तथा संचालनका लागि प्रस्तावना

१: प्रस्ताव पेश गर्ने प्रस्तावकको विवरण

- कम्पनि/सहकारि/उद्यमिको पुरा नाम:
- ठेगाना:
- फोन नं:
- ईमेल:
- प्रदेश:
- जिल्ला:
- पालिका:

२: कम्पनि/सहकारि/उद्यमका उद्येश्यहरु:

३: कोसेलि घर स्थापना/संचलन गर्नुका उद्येश्यहरु:

४: कोसेलि घर स्थापना गर्ने स्थानको पुरा ठेगाना:

५: कोशलि घर स्थापना गर्ने कम्मनि/सहकारि/उद्यमिको आफ्नै घर छ वा भाडामा लिने त्यसको विवरण *(आफ्नै घर जग्गा भयमा त्यसको प्रमाण पेस गर्ने)*

६: कोशेलि घर संचालनका लागि लगानि गर्ने चालु पुँजिको अबस्था र श्रोत : *(कति लगानि गर्ने योजना छ र यसको श्रोत स्पष्ट खुलाउने)*

७: कोशेलि घर संचालनको ब्यवसायिक योजनाको अबस्था वारे छोटो ब्याख्या: *(ब्यावसायिक योजना तयार गरि पेस गर्ने)*

८: कम्पनि/सहकारि/उद्यमिको उद्यम संचालन सम्बन्धि अनुभव: *(कति वर्षको अनुभव छ विस्तृत विवरण दिने र अनुभव खुल्ने कागजात यसै प्रस्तावना संग संलग्न गर्ने) ।*

९: कोशेलि घरमा विक्रि वितरण गरिने प्रस्तावित उत्पादन/वस्तुहरुको विवरण: *(स्थानिय उत्पादन, वाह्य उत्पादन र उद्यमिका लागि विक्रि गरिने कच्चा पदार्थ र प्रविधहरुको विवरण खुलाउने)*

१०: स्थानिय उत्पादनको वजारिकरणका लागि अपनाईने रणनितिहरु (तरिका हरु) : *(बुँदागतरुपमा स्पष्ट पार्ने)*

११: कोशेलि घर स्थापना तथा संचालनका लागि पालिका सग अपेक्षा गरियको सहयोग:) *(भौतिक समाग्रि, अनुदान रकम, र क्षमता विकास सम्बन्धि सहयोग र यसको अनुमानित बजेट खुलाउने):*

*१२: यस प्रस्तावना पत्र संग संम्लग्न गरियका अन्य कागजातहरुको विवरण:*

| क्र स | कागजातको विवरण | छ ( ✓ चिन्ह लगाउने ) | छैन (✓ चिन्ह लगाउने ) |
|---|---|---|---|

पहिलो मस्यौदा

| | | | |
|---|---|---|---|
| १ | कम्पनि/सहकारि/उद्यमिको आफ्नै घर जग्गामा कोशेलि घर संचालन गर्ने भय त्यसको लालपुर्जा र घर सम्पन्नताको प्रणामपत्र। | | |
| २ | चालुपुजि कति लगानि गर्ने भनि त्यसको श्रोत खुलेको कुनै कागजात। | | |
| ३ | कोशेलि घर को ब्यावसायिक योजना । | | |
| ४ | कम्पनि/सहकारि/उद्यमिको ब्यवसाय वा उद्यम संचालन सम्बन्धि अनुभव खुलेको कागजात। | | |
| ५ | कम्पनि/सहकारि/उद्यमिको दर्ताको अबस्था खुलेको कागजात | | |
| ६ | प्रस्तावना पत्र पेश गर्ने कम्पनि/सहकारि/उद्यम को विनियम/विधान | | |

| | |
|---|---|
| *प्रस्ताव पेश गर्ने:* | *संस्थाको छाप* |

**अनुसूची ४ साझेदार संस्था छनौटका आधारहरु**
**(दफा ६ सँग सम्बन्धित)**

**कोशेलि घरको प्रस्ताव पत्र मुल्याङ्कन फारमको नमुना**

| क्र.सं. | अध्ययनको आधार | पूर्णाङ्क | पासाङ्क | नम्वर दिने तरीका |
|---|---|---|---|---|
| १ | प्रस्ताव पेश गर्ने कम्पनि/सहकारि/उद्यमको नेतृत्व । | १० | ३ | • *महिलाले नेतृत्व गरेको भय १० अंक दिने,*<br>• *दलित वा जनजाति पुरुषले गरेको भय ५ अंक दिने,*<br>• *यस वाहेक अन्य जुन सुकै लिङ्ग वा जात जातिले नेतृत्व गरेको भय ३ अंक दिने।*<br>• *यसवारे स्पष्ट नखुलेको भय ० अंक दिने।* |
| २ | कम्पनि/सहकारि/उद्यमिले कोशेलि घर संचालन गर्ने प्रस्तावित घर जग्गाको स्वामित्व। | १० | ३ | • *घर सहितको जग्गा भयमा १० अंक दिने।*<br>• *जग्गा मात्र भयमा ५ अक दिने, ।*<br>• *भाडामा संचालन गर्ने भयमा ३ अक दिने।*<br>• *प्रस्तवनामा पत्रमा यस वारे स्पष्ट नखुलेको भय ० अंक दिने।* |



मस्यौदा

| | | | | |
|---|---|---|---|---|
| ३ | कोशेलि घर संचालन गर्ने कम्पनि/सहकारि/उद्यमिले चालुपुजिको रुमपा लगानि गर्ने रकमको योजना। (*प्रस्तावनामा उल्लेखित रकम र श्रोत अनुसार*) | ५ | ३ | • *५० लाख भन्दा बढि चालुपुंजि लगानि गर्ने योजना भयमा ५ अक दिने,*<br>• *३० लाख भन्दा बढि चालुपुजि लगानि गर्ने भय ४ अक दिने।*<br>• *३० लाख वा सो भन्दा कम लागानि गर्ने भय ३ अंक दिन।*<br>• *कति चालुपजि लगानि गर्ने भन्ने नखुलेको अबस्थामा ० अंक दिने।* |
| ४ | कोशेलि घर को ब्यावसायिक योजना। | १० | ५ | • ब्यावसायिक योजनाले कोशेलि घर फाईदा जनक देखायको अबस्थामा र प्रस्तवाना चित्तबुझ्दो ( convincing) भयमा त्यसै अनुसार ६ देखि १० अक सम्म दिने।<br>• ब्यावसायिक योजना तयार भयको तर चित्तबुझ्दो (convincing) छैन भन्ने लागेमा ५ अक मात्र दिने।<br>• ब्यावसायिक योजना पेश नगरेको भय ० अक दिने। |
| ५ | कम्पनि/सहकारि/उद्यमिको दर्ताको अबस्था खुलेको कागजात | ५ | १ | • दर्ता भयको जति बर्ष पुरा भयको छ त्यति अंक दिने बढिमा ५ अक।<br>• भरखरै दर्ता भयको तर १ वर्प नपुगेको भयमा पनि १ वर्प पुगे सरह १ अंक दिने।<br>*(दर्ता नभयको भय कोशेलि घर संचालनका लागि साझेदारि गर्न नमिल्ने हुँदा थप प्रकृया अगाडि नबढाईने।)* |
| ६ | प्रस्तावना पत्र पेश गर्ने कम्पनि/सहकारि/उद्यम को विनियम/विधान | १० | १० | • विनियम वा विधान पेस गरेको भय १० अंक दिने,<br>• ब्याक्तिगत उद्यम वा उद्योग दर्ता भयको भय त्यसको प्रमाण पेस गरेको अबस्थामा विनियम वा विधान पेस गरे सरह १० अंक दिने।<br>• अन्यथा ० अंक दिने। |
| | जम्मा | ५० | २५ | |

निष्कर्ष : माथिको मूल्याङ्कनमा कम्तिमा २५ अंक प्राप्त भएमा साझेदारिका लागि योग्यता पुगेको ठहरिने छ।

पहिलो मस्यौदा

अनुसूची -५संझौताको नमुना:
(दफा ६ सँग सम्बन्धित)

## <u>कोशेलि घर स्थापना तथा संचालन सम्बन्धि भएको दुई पक्षीय सम्झौता</u>

यस ... ... ... ... ... महानगरपालिका/उपमहानगरपालिका/ नगरपालिका/गाउँपालिका र कोशेलि घर संचालक कम्पनि/सहकारि/उद्यमि बीच यसै पालिकाको वडा नं. ... को ... ... ... ... मा स्थानिय उत्पादित बस्तु को बजारिकरण गरि उद्यमिको जीवनस्तरमा सुधार ल्याउन र उद्यमिहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ र प्रविधि/मेसिन औजारहरु स्थानिय स्तरमा नै सहज र सुलभ रुपमा उपलब्ध गराउने उद्येश्यले कोशेलि घर स्थापना गरि दिगो ब्यवस्थापन गर्ने सन्दर्भमा दुबै पक्षले तपलिल बमोजिका सर्तहरु पालना गर्ने गरि यो संझौता सम्पन्न भयको छ।

(क) तोकियको स्थानमा कोशेलि घर स्थापनाको अनुसुचि ----- मा उल्लेखगरे बमोजिमका रु ------- वरावरको भौतिक सामाग्रि निशुल्क उपलब्ध गराउने छ। उक्त सम्पुर्ण भौतिक सामाग्रिहरु यो संझौता भयको मितिले ३६५ दिन सम्म यसै पालिकाको सम्पति हुने छ। यि भौतिक सामाग्रिहरु कोशेलि घर राम्रो संग संचालन भयको अबस्थमा ३६५ दिन पछि सम्बन्धित कम्पनि/सहकारि/उद्यमिलाई नै हस्तान्तरण गरिने छ।

(ख) आवश्यकता अनुसार उद्यमिहरु लाई उत्पादित बस्तुहरुको गुणस्तर बृध्दि गर्ने कार्य जस्तै ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेवलिङ्ग र आवश्यक थप प्रविधि उपलब्द गराउन यस पालिकाले सहयोग गर्न सक्ने छ।

(ग) कोशेलि घर संचालक र त्यस कोशेलि घरका कर्मचारिहरुलाई उद्यमशिलता विकास तालिम उपलब्ध गराईने छ।

(घ) आगामि आ.व हरुमा पनि आवश्यकता अनुसार कोशेलि घर को स्तर उन्नतिका लागि बजेट विनियोजन गर्न सकिने छ।

(ङ) कोशेलि घर संचालनका लागि आवश्यक सम्पुर्ण चालु पुँजि संचालक आफैले ब्यवस्था गर्नु पर्ने छ।

(च) कोशेलि घर संचालकले उद्यमि संग उत्पादनहरु खरिद गर्नुपर्दा रु ५०,०००/- (पचास हजार लाख) सम्म नगद कारोवार गरेको हुनु पर्ने छ। यदि एउटै उद्यमि संग पाचास हजार भन्दा बढिको समान किन्नु पर्दा पचास हजार भन्दा बढि हुन आउने रकमलाई उधारो गर्न सकिने छ। उधारो खरिद गरि १ महिना सम्म भुक्तानि हुन नसकेमा कोशेलि घर संचालकले उद्यमिलाई चलन चल्तिको दरमा ब्याज तिर्नु पर्ने छ।

(छ) उद्यमि घर संचालकले आम्दानि खर्च झल्कने त्रैमासिक प्रतिवेदन पालिकाको उद्यम हेर्ने माहासाखा/साखा/ईकाइमा पेस गर्नु पर्ने छ।

(ज) कोशेलि घर संचालकले नियमित सामाग्रि आपुर्ति गर्ने उद्यमिसंग लिखित संझौता गरेको हुनु पर्ने।

(झ) कोशेलि घर संचालकले स्थानिय उत्पादित बस्तु विक्रि वितरण र उद्यमिलाई विक्रि गरिने कच्चा पदार्थ वा उपकरणमा २० प्रतिशत सम्म मुनाफा राखि कारोवार गर्न सकिने छ।

(ञ) कोशेलि घर संचालन सम्बन्धि कुनै विषयमा छलफल गर्नु परेमा प्रमुख प्रशासकिय अधिकृत वा उद्यम हेर्ने  माहासाखा/साखा/ईकाइ प्रमुख संग सम्पर्क गर्नु पर्ने छ।

**(ट)** कोशेलि घर सार्वजनिक विदा वाहेक विहान ७ बजे देखि वेलुका ७ बजे सम्म खुला राख्नु पर्ने छ।

हाम दुबै पक्ष माथिका सबै बुदामा सहमत भई हस्ताक्षर गरिएको छ। ।

| कोशेल घर संचालको तर्फ वाट | पालिकाको तर्फवाट |
|---|---|
| ____________________<br>(                    )<br>अध्यक्ष<br>मितिः- … … /…/… | ______________________<br>(              )<br>प्रमुख प्रशासकीय अधिकृत<br>… … … …<br>मितिः- … … /…/… |

साक्षीहरु :-

| | |
|---|---|
| नामः- … … … … … … … …<br>पदः… … … … … … …. … …<br>…<br>दस्तखतः<br>मितिः- … … …/…/… | नामः- … … … … … … … …<br>पदः- … … …<br>दस्तखतः<br>मितिः- … … …/…/… |

पहिलो मस्यौदा